
गजल–सँगालो
आज एक्लै
मनोज काफ्ले मनसुन
अभि-जमान स्मृति ट्रस्टको प्रस्तुति

**आज एक्लै**

(गजल संगालो)

मनोज काफ्ले मनसुन

Aja Aklai: Nepali Gazals

by Manoj Kafle Mansoon

Published in  - September, 2011

Print edition published by Abhi-Jaman Smriti Trust, Kuwait/Duliajan/ Dehradun

Cover design – Hom B. Chhetri, Kuwait

Print Edition Printer - Quality Printers; Paltan Bazar; Dehradun/India

Copyright – © Manoj Kafle Monsoon

eBook Published by – ebookbhandar.com

Ebook technical works -  D. Tripathi

The book is available in [http://ebookbhandar.com](http://ebookbhandar.com)

ISBN - 978-0-9867323-9-3

ISBN 978-0-9867323-9-3

9 780986 732393 >

## मेरा दुईकुरा

मलाई भावनाको गहिराइमा भुल्न मन लाग्छ । कहिलेकाहीं मभित्र एउटा उत्शाह जाग्थ्यो अनि जाँगर पलाउञ्थ्यो र लेखिहाल्थैं त्यो बेला मैले केही लेखिनभने त्यसको शीर्षक नै बिलाएर जान्थ्यो । प्रवासमा मेरा कैयौ दिनहरु एक्लै शोकाकुल भएर बितेका छन् । एघार वर्षदेखि नै मैले मेरो गाँउघरमा एक दुई मैना भन्दा धेरै बिताउने मौका पाएको छैन । सानैमा मेरो बुबाले आदिकवि भानुभक्त आचाय+का; महाकवि लक्ष्मी प्रसाद देवकोटाका श्लोकहरु सुनाउनु हुन्थ्यो । बुबाको साहित्यप्रति असाध्य रुचि देखेर मैले पनि त्यसैबेला देखि संसारमा हुने गरेका तितामिठा घटनाहरु कवितामा समेट्ने कोसिष गरें । केहिदिन पछि जततत‍ै गजलको चर्चा सुनें; धेरै रमाइलो र रसिलो लाग्यो गजल । गजलकार गोर्खे साईलो, डा, धनश्याम परिश्रमीका गजलहरुले मलाई अघि बढ्न धेरै सहयोग गर्यो । यस गजल संग्रहमा धेरै गजलहरु मेरो जीवनसंग जोडिएका छन् ! मैले मेरा अतीतलाई र समाजको यथाथ+लाई गजलको शेरमा उन्ने कोशिष गरेको मात्र छु । कुवैत जस्तो देशमा निम्न स्तरको कम्पनीमा रहेर र लामो समय डियुटी भएपनि मैले जबजब समय मिल्छ भावना कोर्नेतिर लाग्थैं– कहिले गजल बन्थ्यो कहिले बन्थेन अनि एक्लै विरलिन्थैं । कुवैत लगाएत नेपालका धेरै साहित्यिक पत्र पत्रिकाले पनि मलाई लेख्न प्रोत्साहन गरेका हुन् ।

अभि-जमान स्मृति ट्रस्टका संचालक तथा कुवैतबाट मासिकरुपमा निस्कने स्पन्दन साहित्यिक पत्रिकाका सम्पादक आदरणिय वरिष्ठ साहित्यकार कवि होम क्षेत्रीज्यले लगाएको गुन जीवनभर भुल्न सक्दिन; वहाँले मेरो साहित्यिक जीवनको नै श्रीगणेश गरिदिनु भएको छ । वहाँ नभएको भए आज मेरा गजलहरु बाकस भित्रै दबिएर लुक्थैं; कतै थन्किन्थे या त धमिरोको चाहारा हुन्थे । आदरणिय साहित्यकार कवि होम क्षेत्री ज्यलाई हृदयदेखि नै साहित्यिक सलाम तथा हजार सुकृयादा । साथमा वहाँकी जीवनसंगिनी कवियत्री आशा क्षेत्री; अभि-जमान स्मृति ट्रस्ट र स्पन्दनका सम्पुर्ण परिवारलाई आन्तरिक सलाम ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज; कुवैत च्याप्टरका संस्थापक अध्यक्ष राजन रिमाल अभिलाषी, मरुभुमीको कोशेलीका प्रवन्ध निर्देशक सुजन केसी तथा सम्पुर्ण नेपालकुवैत डटकम तथा मरुभुमीको कोशेली परिवारप्रति म आभारी छु, वहाँहरुले मलाई साहित्यमा मात्र होईनस कलाकारिता र पत्रकारितामा समेत डटेर बढ्न सिकाउनु भयो । पुस्तकको आवरण तथा अन्य आवस्यक जिम्मेवारी आदरणिय गुरु कवि होम क्षेत्रीलाई नै सुम्पेको छु । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका सम्प्रण साहित्यप्रेमी श्रष्टाहरुलाई मेरो साहित्यिक अभिवादन ।

अन्त्यमा कुवैतका सम्पुर्ण संघ सस्थाका बुद्घिजीवी; समाजसेवी तथा परदेशको भूमिमा लुकेको कला गलालाई मायाँगर्ने सम्पुर्ण सहयात्रीहरुलाई मेरो नमन । मेरो पहिलो कोशिषमा भएका त्रुटि औल्याएर अझै साहित्यिक मझेरीमा खट्न प्रोत्साहन पाईरहुँ ।

मनोज काफ्ले मनसुन

## नशालु ती नयनले

नशालु ती नयनले मेरो नजर त-यो आज

मीठामीठा भावनाले मनैभर छ-यो आज ।

बाटुलो मुहार उनको नाकनत्थी सुहाएको

प्यासा मेरा तनमन उनीमाँथी च-यो आज ।

मिलेका ती दाँतपंती मन्दमुस्कान अविरल

छरिएर केशराशी पिठ्युसम्म झ-यो आज ।

रंगीचङ्गी पटुकी झन सुहाएको चोलीसंग

फुलेको त्यो यौवनाले मनै दङ्ग प-यो आज ।

गाजलु र लालीसंग सजिएकी सुन्दरीले

टुनामुना गरिन् क्यारे मनउतै स-यो आज ।

मिति २०६७ । ८ । ७ गते

कुवैत

## यो अंन्धेरी रातमा

यो अंन्धेरी रातमा

तिमी छौ साथमा ।

मन पनि दंग छ

पायौ खुसी पासमा ।

खोल्यो मनका कुरा

मनै फेरि त्रासमा ।

न छ निन्दरी अब

बित्यो पल बातमा ।

अझ करीब बढी

पोख्छ खुशी सासमा ।

मिति २०६७ । १ । १५ गते<br><br>कुवैत

**मात भरी प्याली**

मात भरी प्याल फेरि फेरि पिएँ

ऐनाभरि आफ्नै चेहेरा हेरि पिएँ ।

नसाको प्यालासंग नसा चुमेर

मेरी रानी संम्झिदा खेरि पिएँ ।

आफु आफैसंग रुंदै टोलाउदै

पीर व्यथा विरही अतेरी पिएँ ।

विछोडको वेदनाले झरी पा-यो

वैगुनीको तस्विर झपेरी पिएँ ।

पिएँ अनि नसामै पागल सरी

आफु आफ्नै चोट केरी पिएँ ।

मिति २०६७ । ५ । ७ गते

कुवैत

## यो दुनियाँकी

यो दुनिंयाँकी तिमी परी हौ

वन र मनमा रम्ने चरी हौ ।

सुसेलीमा प्यास मेटाउने

यौवनाकी तिमी सुन्दरी हौ ।

एकछिन पर्खी फेरि र्(विर्षने

असार श्रावणकी झरी हौ ।

मीठो स्वादिष्ट परिकारका

व्यन्जन तिमी थरीथरी हौ ।

मामा पापा भनी सिकाउने

वर्णमालाकी बाह्रखरी हौ ।

मिति २०६६ । ५ । १७ गते

कुवैत

## तिमीले छोडेको

तिमीले छोडेको साल भयो

मन रात दिन बेहाल भयो ।

फुलै फुलको थुंङ्गा टिप्दा

चिन्नु न जान्नु गाल भयो ।

हजारौंमा रोजें गल्ती मेरै

जीवन कहीं चाल भयो ।

उनकै संझनामा रुँदारुँदै

आँशुको यहाँ ताल भयो ।

फेरि पनि हाँस्न पर्छ भन्छौ

खुशी जति त काल भयो ।

मिति २०६७ । २ । १७ गते

कुवैत

## गुराँस बिनाको

गुराँस बिनाको वन कस्तो कस्तो

छैनन् प्रिय त मन कस्तो कस्तो ।

साथमा सिरानी राख्छु तिमीभनि

चल्दैन रातमा झन् कस्तो कस्तो ।

निन्दरीमा बस्यौ कि सुन्दरी बनेर

कल्पना एक्लोपन कस्तो कस्तो ।

परेली भिजायौ आँखैमा रुझायौ

व्यथा दर्र्दका छन कस्तो कस्तो ।

उराठ उराठ लाग्छ संसारै विरानो

किन भो मनुको तन कस्तो कस्तो ।

मिति २०६७ । २ । १८ गते

कुवैत

## विरानो समाएर

विरानो समाएर नबसे है

रोधीघर म बिना नपसे है ।

तिम्रा पति परदेश छन्

कम्मर तिम्ले नकसे है ।

मिलनको पल बस पर्खी

सपनीमा आफै नखसे है ।

मै पनि त कुरी बस्छु

भेटहुँदा कतै नडसे है ।

मिति २०६७ । २ । २३ गते

कुवैत

## आँसुका धाराहरुले

आँसुका धाराहरुले मेरो जीवन खाटो भयो

न बोल्ने न सुन्ने कानो अनि लाटो भयो ।

बेहोशीमा लड्यो मुटु वेदनाले छाती दुख्यो

छोडी गयौ निर्मोही न हिंड्ने बाटो भयो ।

एक्लै बसी रोईदिन्थैं उनकै याद आउँथ्यो

एक्लिएर मेरो जिउ अखडाको भाटो भयो ।

लुकाएर व्यथाहरु बर्षौ भयो बाँचेको म

बेसुरेका पाइला न बाटो न घाटो भयो ।

जोगिएर हिंड्छु भन्दा मायाँप्रेम गर्ने संग

चाहने नै धेरैभए बिना मेसै फाटो भयो ।

मिति २०६७ । २ । १७ गते

कुवैत

**चुरोटको बट्टा**

झिक्यो चुरोटको बट्टा सल्काएर तान्यो

मनको धुनमा पलभर बल्काएर तान्यो ।

सासैमा छोड्यो मुखभरी फुकेर धुवाँ

अँध्यारो निशीमा बढी टल्काएर तान्यो ।

सहनै नसक्ने दर्दका पोकाहरु खोल्दै

टुप्पातिर हेर्यो  अझै ढल्काएर तान्यो ।

भर्यो गहभर आँसुका ढिका बरबर

बन्यो धुवाँमा जीवन झल्काएर तान्यो ।

प्यास छैन पानीको चुरोटै संगी बनायो

त्यसैको धुवाँले दिनहुं पल्काएर तान्यो ।

मिति २०६७ । ३ । २४ गते

कुवैत

**छोडेर गयौ**

तिमीले आज छोडेर गयौ

हे-यौ नजरिया मोडेर गयौ ।

माया जालका गाथाहरु

पलभरमा फोडेर गयौ ।

यै चाल भयो मन रोयो

हाँसो जति गोडेर गयौ ।

छ-यौ खुशी जुनीभर भनी

एकरात छाती जोडेर गयौ ।

जिउने सार तिमीनै थियौ

बाचा बन्धन तोडेर गयौ ।

मिति २०६७ । ३ । २५ गते

कुवैत

**धकधक छाती चलिरहेछ**

धकधक छाती चलिरहेछ

आगो दन्किएर बलिरहेछ ।

एक्लै रुँदा एकान्तमा

झनै चोटहरु फलिरहेछ ।

संझिएर अतीत मन मेरो

अनायसै किन गलिरहेछ ।

सजाँए दिलकी रानीलाई

आफ्नै छायाँले छलिरहेछ ।

उनका मीठा कुरामा भूल्दा

मनुको मुटु यहाँ जलिरहेछ ।

मिति २०६७ । ३ । २६ गते

कुवैत

## गिलासमा रम

गिलासमा रमको प्याला

मनैभरी गमको प्याला ।

नपिउँदा हुँदैनन् आफ्ना

पिएँभने जमको प्याला ।

बोतलै श्रृंगारले भरेकी

उनी रमझमको प्याला ।

आलस्य निर्मुल पार्दछिन्

खुबी र दमको प्याला ।

नाच्दछिन् बैंड बाजामा

रम छमछमको प्याला ।

मिति २०६७ । ३ । २३ गते

कुवैत

**जीवन एक्लै ढलेर जाँदा**

जीवन एक्लैनै ढलेर जाँदा

अन्यौलमा परी गलेर जाँदा ।

आफ्नै आँशु भो गह गहमा

ढुक ढुक मुटु चलेर जाँदा ।

गुनेर व्यथा रुन्छु निशीमा

बिहानी पलमै छलेर जाँदा ।

न उनें सुहागरातको माला

फुलभरी काँडा फलेर जाँदा ।

मरुभूमिको तातो रापमा

मनसुनको मन बलेर जाँदा ।

मिति २०६७ । ३ । २९ गते

कुवैत

## लेख्छन् वियोग

लेख्छन वियोग प्रेम पातमा

धोका मात्र माँयाको जातमा ।

रुन्छन् कहिले हाँस्ने गर्छन्

प्रेम मिलनको मीठो बातमा ।

संसार खोज्दा पाएँ भन्छन्

प्रेम वेदनाको खातै खातमा ।

छिरलिंदै उडे सपना खुशीका

उनी सँगको सुनसान रातमा ।

फेरि परेली उनकै तलाशमा

पलभर मनु रम्छ काखमा ।

मिति २०६७ । ३ । ३० गते

कुवैत

## न त चिन्न सकें

न त चिन्न सकें न त जान्न सकें

न तिमीलाई आफ्नो म मान्न सकें ।

बाटोमा भेटियौ बाटोमै हरायौ तिमी

न नजरले त्यो नजर म हान्न सकें ।

हावाको वेगमा पलमै हरायौ तिमी

न यी हातले तिमीलाई तान्न सकें ।

धोकेबाजको जमघटमा थियौ तिमी

चाहेर खोजें न तिमीलाई छान्न सकें ।

पिंडा वेदनाको भार अझ बढ्यो मनमा

बग्दा आँशुका धारा म काहाँ धान्न सकें ।

मिति २०६७ । ४ । १ गते

कुवैत

*****

## तिमीसँग

तिमीसँग मनका कुरा गर्न मन लाग्यो

तिम्रो याद भयो बेशी झर्न मन लाग्यो ।

जादु गर्न लामा झांक्री बरु बोलाएर

संसार बाटै तिमीलाई हर्न मन लाग्यो ।

सपनीमै भएपनि तिम्रा हात समाएर

आँधीखोला सँगै सँगै तर्न मन लाग्यो ।

छातीभित्र सजाएर आँखा लजाएर

मेरो मनको खुल्दुली छर्न मन लाग्यो ।

विधाताले छल ग-यो हैन तिम्रो जाल

उनकै काखमा प्राणछोडी मर्न मन लाग्यो ।

मिति २०६७ । ३ । २६ गते

कुवैत

## म त तिमीले हरेको

म त तिमीले हरेको प्रेमी

प्रेम वियोगमा मरेको प्रेमी ।

पागल भएँ प्रेममा फसेँ

हेलिएर आँधी तरेको प्रेमी ।

जतिबुनें तानाबाना कमै भो

मायाँको मुल म परेको प्रेमी ।

प्रेममा जन्में प्रेममै हुर्के

प्रेमको बिउ छरेको प्रेमी ।

धोका मात्र सहनु हो प्रेम

धोकैको जपना गरेको प्रेमी ।

मिति २०६७ । १ । २५ गते

कुवैत

*****

## आज एक्लै

आज एक्लै यो मन पनि दंग भो

धेरैसाल पछि भित्र भित्रै उमंङ्ग भो ।

रुझेका पाखा पखेरा आँसुहरुले

बेली र चमेलीले रङ्ग विरङ्ग भो ।

विछोड पछिको पुर्नमिलनले

हाम्रै कुराले गाँउमा मङ्ग भो ।

थाहा छ फेरि विछोड हुनेछ

अझ यो मन खुशीले तरङ्ग भो ।

वर्षिएर असिना पिटेर पिरती

पलमै डाँडा पाखा छर्लङ्ग भो ।

मिति २०६७ । १ । २० गते

कुवैत

*****

**पूर्णिमाको रातमा**

पूर्णिमाको रातमा बोलाएँ उनिलाई

स्वप्निल नयनमा सजाएँ उनिलाई ।

हल्का हल्का चुम्बन भयो दुवैमा

अनि अंगालोमा दबाएँ उनिलाई ।

सासैमा बोल्न बिन्ती गरिन् उनले

काउकुती छरेर लजाएँ उनिलाई ।

वस्त्र खुले नाइँ नास्ती कहीं भएन

आफ्नै छातीमाथि चढाएँ उनिलाई ।

घमासानको लडाई पलमै सकियो

मन्द मुस्कान छरी पठाएँ उनिलाई ।

मिति २०६७ । १ । २२ गते

कुवैत

*****

**हुन्न भन्छन्**

दिन दिनै सँगै बोली हिंड्न हुन्न भन्छन्

प्रिया सँग खोलाखोली हिंड्न हुन्न भन्छन् ।

प्रेममा पासिएका घाइतेहरुलाई सोधें

प्रेममा बनी जोली हिंड्न हुन्न भन्छन् ।

जन्मदै म गम पिएँ झरे आँशुहरु कति

खुसीहरु भरी झोली हिंड्न हुन्न भन्छन् ।

गुनासो पोख्छु आफ्नै भाग्य अभागी भनी

छाती आगोले पोली हिंड्न हुन्न भन्छन् ।

घमासन युद्घ चर्कन्छ भन्छन् प्रेममा गर्दा

आफैदेह ठोकी गोली हिंड्न हुन्न भन्छन् ।

मिति २०६७ । ४ । ५ गते

कुवैत

*****

**तिमी पोखरेली**

तिमी पोखरेली म स्याङ्गजाली

हाम्रो देश नेपाल हामी नेपाली ।

हिडौं सद्भावको बाटो बनाई

न त दंगाली होउ या झापाली ।

लडौं बढौं विरुद्‌घ अत्याचारको

नभन तिमी गुल्मेली पाल्पाली ।

कुर्सीकै लागि नलड नेता हो

अब उठे रुकुमेली रोल्पाली ।

जातीय भेद रिस राग किन

समान हौं गोर्खाली डोल्पाली ।

मिति २०६७ । १ । २ गते

कुवैत

*****

**विलौना मैले**

विलौना मैले गर्दिन अब

डसे तिमीले सर्दिन अब ।

जाल बुन्ने पुजारी रहेछौ

भावनामा म मर्दिन अब ।

नछेक मलाई दोबाटोमा

तिम्रो जालमा पर्दिन अब ।

व्यथैमा सुके मेरा नयन

अमोल मोती छर्दिन अब ।

पैतला म खियाई कहिलै

लेक र बेशी झर्दिन अब ।

मिति २०६७ । २ । २८ गते

कुवैत

*****

## अङ्गना देशकी गहना

अङ्गना देशकी गहना दास हुन नआऊ

खाडीका अजनबीसँग बास हुन नआऊ ।

अतेरी अगम्य पार्छन अघासुर मानवहरु

अखण्ड स्वभाव तिम्रो नाँश हुन नआऊ ।

बन अगीसरा आफ्नै देशमा छ स्वतन्त्र

पिल्सिन्छ यौवना तिम्रो लाश हुन नआऊ ।

लागेर दामको पछि जीवन बर्बाद हुन्छ

आकुल वंशको तिमी गाँस हुन नआऊ ।

गहकिला सुकिला फेशनको लोभमा परी

खराब यो मरुभूमिको आश हुन नआऊ ।

मिति २०६७ । २ । २३ गते

कुवैत

*****

## मेरो देश

अजब हुन खोज्दैछ मेरो देश

अताली रुन खोज्दैछ मेरो देश ।

फैलियो पापै पाप यहाँ निरन्तर

पुण्यता धुन खोज्दैछ मेरो देश ।

जन्मिदै दुष्कर्मको पाठ पढी

अखडा छुन खोज्दैछ मेरो देश ।

हरेक मान्छे आफ्नै स्वार्थमा

हीरा र सुन खोज्दैछ मेरो देश ।

पेटैका लागि भाई भाई मारी

घरैमा खुन खोज्दैछ मेरो देश ।

मिति २०६७ । २ । १२ गते

कुवैत

*****

**भार भयो**

आशा जति निराशामा मोडिएर भार भयो

हाँसीखुसी बाँच्ने रहर तोडिएर भार भयो ।

साथै रुने हाँस्ने खाएनौ र कसम तिमी

लत्ताएर गयौ पर छोडिएर भार भयो ।

रानीवनको प्रेमपत्र रानीवनमै हराएछ

सपनाका टुसाहरु गोडिएर भार भयो ।

टुटेबरु हल्का हुन्थ्यो पथ्थरका मायाँहरु

गन्तव्यमा ढुङ्गा मुढा जोडिएर भार भयो ।

कहिं त पुग्थें म एक्लै एक्लै हिंडे पनि

हिंडे तिम्रो साहाराले लोडिएर भार भयो ।

मिति २०६७ । २ । २ गते

कुवैत

*****

## आलो घाउ दुःखी रह्यो

आलो घाउ दुःखी रह्यो सिए पनि सिइ देऊ

नशा पिउँदा भुल्छौ पींडा पिए पनि पिइ देऊ ।

तिम्रा मनका चाहाना दिन दिनै गुन्ने गर्छु

मायाँ भन्दै एकरात खुशी दिए पनि दिइ देऊ ।

डर त्रास देखाएर किन नाम कमाउँछौ

संघर्षले हात तिम्रो खिए पनि खिई देऊ ।

शैशवमा आगो बल्यो प्रगतिको भकारीमा

मलाई मास्न सुपारी लिए पनि लिई देऊ ।

आँफै धोका भयो भन्छौ मुटु टुक्रा टुक्रा पारी

मनसुन मारी एक्लै तिमी जिए पनि जिइ देऊ ।

मिति २०६७ । ३ । २५ गते

कुवैत

*****

## चित्कार सुन

वियोगमा छट्पटाएकी उजेलीको चित्कार सुन

धनको आशमा विदेशी चेलीको चित्कार सुन ।

हजार यातना सहेर मालिकको ओढ्नी भएर

पलभरमा लुटिएकी चमेलीको चित्कार सुन ।

सजाई सपना एक्ला बुबा आमालाई छोडेर

जालमा फँसिएकी सहेलीको चित्कार सुन ।

कालो अंध्यारोमा डसेर इज्जत लुटिन्छ

चिच्चाहट गुहार सुरेलीको चित्कार सुन ।

तिम्रा दिदी बहिनीहरु एकाएक रोइरहेछन्

रोएको डाँको सरी जुरेलीको चित्कार सुन ।

मिति २०६७ । २ । २२ गते

कुवैत

*****

## साँचेर कति राखुँ

साँचेर कति राखुँ माला बुन्न फुल मैले

दाँजेर कति बसु तिम्रो र मेरो भूल मैले ।

खल्तीमा तस्विर राखी कति मन्दिर धाउँ

पाँउ तिमी भनि कति चढाउँ त्रिशूल मैले ।

कति काटुँ अब सपनाका तीता रातहरु

बगाउँ कति आँखाबाट आँशुका मुल मैले ।

ओइली जाला कि बीचैमा झनै परीजाला

चारैतिर देख्नथालें मायाँका हुलैहुल मैले ।

आउन खोज्छु सपनीमा जहाँ तिमी छौ

जति जोडें झत्कियो मिलनको पुल मैले ।

मिति २०६७ । ३ । १२ गते

कुवैत

*****

**रमाएर जीवन भरी**

रमाएर जीवन भरी मायाँ कसी बाँचिदेऊ

सारंगीको धुन सुनी छेउमा बसी नाँचिदेऊ ।

खुशीमा नै वित्न पाउन बचेका यी भोलीहरु

चन्द्रमाको मुस्कान सँगै दिलमा पसी हाँसिदेऊ ।

कलेजीमा तिम्रो मायाँ तुन्न मलाई रहर लाग्छ

ढकमक्क जोवन मायाँजालमा फसी गाँसिदेऊ ।

ईच्छाहरु आतुर होलान गहभरी खुशीहोला

मिलन हुँदा दुइटा छाती धसी धसी टाँसिदेऊ ।

रातैभरी कुरा गुन्थ्यौ कल्पना भेट हुन्थ्यौ

विपनामा मनसुनलाई डसी डसी नाँसिदेऊ ।

मिति २०६७ । ३ । २ गते

कुवैत

*****

**एकान्तमा एक्लै हाँस्ने**

एकान्तमा एक्लै हाँस्ने एक्लै रुने बानी प-यो

झुल्के घाम लाग्यो पलमा घनघोर पानी प-यो ।

कर्म घर भो सेरोफेरो परदेशका बाटाहरु

सफलता आशमात्र धेरै मलाई हानि प-यो ।

शैशवमा जीवन ढल्यो नसा पिए सरी लड्यो

यस्तै हुने थाहा थियो रुनु जानाजानी प-यो ।

फेरि फर्की हे-यौ किन ढकमक्क यौवना यो

हे-यौ भने छाती चिरी दुःखको यो खानी प-यो ।

हरेक रात सपनीमा तगारो म घुम्ने गर्छु

कोही यहाँ कोही वहाँ जीवन तानातानी प-यो ।

मिति २०६७ । ४ । १२ गते

कुवैत

*****

## मायाँको परेली तरेर

मायाँको परेली तरेर हजुरले

मनैभरी उमंङ्ग छरेर हजुरले ।

टोलाएर हेरे यी नयन मेरा

पुकार्दा सम्बोधन गरेर हजरुले ।

फुलको थुङ्गा पहिलो भेटमा

दिनुभो बेशी झरेर हजुरले ।

सासैमा केही भने झैं लाग्यो

मलाई अंगालोमा भरेर हजुरले ।

आँखा आँखा जुधाउनुभो अनि

अझ करिब मेरो सरेर हजुरले ।

मिति २०६७ । ३ । २२ गते

कुवैत

*****

## याद आयो

डाँडापाखा पहाड अनि हिमाल याद आयो

आफ्नै प्यारो जन्मभूमि नेपाल याद आयो ।

दाउरा घाँस पानी पधेरो सँगै गरी हिंड्दा

प्रियसँग साटासाट गरेको रुमाल याद आयो ।

दिनभरी रानी बनमा लुकामारी खेल्दा खेल्दै

कहाली लाग्दो राम्चेली भीर विशाल याद आयो ।

विदेशको परिवेशमा रम्न सकेन मन मेरो

आफ्नै भेषभूषा अनि दौरासुरुवाल याद आयो ।

चिल्ला र महंगा विदेशी कार जति चढे पनि

देवीस्थानको चिप्ली खेल्ने पर्खाल याद आयो ।

मिति २०६७ । ४ । १ गते

कुवैत

*****

**अन्यौलमा भाग्य**

न त गजल झैं जीवन शेरिएर बन्यो

अन्यौलमा भाग्य मेरो केरिएर बन्यो ।

भय अशान्तिले मन अतिनै सतायो

जालै जालमा जीवन बेरिएर बन्यो ।

न निर्मुल वेदनाले रोगहरु मचायो

पीर र व्यथा हरपल घेरिएर बन्यो ।

हुँदाहुँदै ज्ञानको प्रभावमा निरन्तर

ऊजाड मरुभूमिमा खेरिएर बन्यो ।

चुक्ली निर्मोहीसँग कैले बचायो

पलपलमा जीवन यो फेरिएर बन्यो ।

मिति २०६७ । ४ । १६ गते

कुवैत

*****

## टुक्रिएर फेरि आफै

टुक्रिएर फेरि आफै डोरिएका हातहरु

मुटुभरी पींडा सही घोरिएका रातहरु ।

छताछुल्ल पारिदियौ कि जमघटमै रोईदिऊ

जीवन भयो पातैपात सोरिएका खातहरु ।

सहनुछ धोका आफ्नो भाग्य सानोपारी

सफलताको खोजीगर्दा जोरिएका घातहरु ।

भत्किगए रहरहरु अभिशाप जिन्दगीका

नसकेर विरहमा फोरिएका बातहरु ।

चारैतिर जतातत‍ै घुँइचो र भीडैमात्र

जीवनको स्वाद लिन ओइरिए बरातहरु

मिति २०६७ । ४ । १३ गते

कुवैत

*****

## पहिलो भेटमा

पहिलो भेटमा उनीसँग फेरि काहानी भयो

एकै नजर जुध्यो दुवैमा चिनाजानी भयो ।

दिन त बितेर गयो जब रातमा याद आयो

उनको कल्पनामा सिरानी भाग्यमानी भयो ।

सपनीमै आँखाचार भयो र अनि उनीसँग

आपसमा पलभर गजबको कुराकानी भयो ।

निंदरीमा मस्त चुम्यौ यी दुबै नयन तिमी

मन्दमन्द मन यो लाजले पानी पानी भयो ।

आनन्दको आभास भयो मनै उमंग भरियो

दुइ मुटु मिल्यो स्वर्गको जिन्दगानी भयो ।

मिति २०६७ । ४ । ११ गते

कुवैत

*****

## जीवनभरी तिम्रो नाम

जीवनभरी तिम्रो नाम बुन्दा बुन्दै मर्नदेऊ

कल्कलाउँदो यो जवानी थुन्दा थुन्दै मर्नदेऊ ।

चन्द्रमाको मुस्कान सरी हाँसीहाँसी बोल्छौ

बाँचुन्जेल तिम्रो नाम गुन्दा गुन्दै मर्नदेऊ ।

कल्पनामा झल्किदिने निंदरीमा सताउने

सुहागरातको फुलमाला उन्दा उन्दै मर्नदेऊ ।

मीठो मुस्कान दन्तेलहर लजालु ती नयनहरु

कलेजीमा तिम्रो मायाँ तुन्दा तुन्दै मर्नदेऊ ।

एकान्तमा तिम्रै सामु पोखाएर चाहाना यी

मनु भन्छ तिम्रो बोली सुन्दा सुन्दै मर्नदेऊ ।

मिति २०६७ । ५ । १ गते

कुवैत

*****

## कल्पनामै विलाई गए

कल्पनामै विलाई गए छालहरु जिन्दगीका

मुटुचिरी हाँस्नु पर्छ हालहरु जिन्दगीका ।

सिर्जनाका फुलहरु नफुलेरै ओइली गए

अन्यौल बिते कति सालहरु जिन्दगीका ।

रोपियो भीरमा अनि आगोको रापमा बल्यो

दिउँसो अंध्यारा छन् चालहरु जिन्दगीका ।

हरेक मोडमा गाली खाएकै छु अझै पनि

बिना अर्थ कति पाएँ गालहरु जिन्दगीका ।

सुनौलो सपना कल्पनामै भईरहेछन् मेरा

यता सोंचे उता पुगे जालहरु जिन्दगीका ।

मिति २०६७ । ५ । २ गते

कुवैत

*****

## हिजोराति सपनीमा

हिजोराति सपनीमा झल्किएर आयौ तिमी

सुनै सुनको गहनामा टल्किएर आयौ तिमी ।

रहेछ मनमा रातैभरी अंग अंग छुने मेरा

चाहानाले मनमा आगो सल्किएर आयौ तिमी ।

नसकेर सहिबस्न तातो आगो मुटुभरी

यौवनाको रंग आफै भल्किएर आयौ तिमी ।

ईशाराले आँखा मस्काई तल्लो ओठ टोकी टोकी

सुनसानमा एक्लो छाती बल्किएर आयौ तिमी ।

सताएर निन्दरीमै अंगालोमा कस्न नपाई

मनसुनको कल्पनामा पल्किएर आयौ तिमी ।

मिति २०६७ । ५ । ३ गते

कुवैत

*****

## आँशुको पोखरीमा

आँशुको पोखरीमा खिउँदै गलेर बाँचेको छु

गम भुलाउन नशा पिउँदै ढलेर बाँचेको छु ।

जीवन यो यात्रा हो रे त्यसैले हिडिरहेछु

पिडाको वर्षा यहाँ हिउंदै छलेर बाँचेको छु ।

रुँदारुँदा नयनबाट सुकिसक्यो आँशुका धारा

दु:खको ओडारमा चिउँदै पलेर बाँचेको छु ।

रसाएर सुकेका नयनहरुलाई बरु सोध

आगोको रापमा जिउँदै बलेर बाँचेको छु ।

कमजोर भाग्य मेरो असफल संघर्ष भयो

फलेका चोटहरु सिउँदै चलेर बाँचेको छु ।

मिति २०६७ । ५ । ३ गते

कुवैत

*****

## लामा लामा केशराशि

लामा लामा केश राशि सर्सिएर लुक्न खोज्दा

गाजलु त्यो नयन तिम्रो तर्सिएर लुक्न खोज्दा ।

सरसर हावा बहिरह्यो दुपट्टाले दाउ हेर्यो

छरपस्ट अंग छोड्यो घर्सिएर लुक्न खोज्दा ।

हेरिरहुं लाग्न थाल्यो चुमिदिऊ लाग्न थाल्यो

लजाउदै अंग अंगमा पर्सिएर लुक्न खोज्दा ।

पछ्यौरी आफ्नै सुरमा हावासँग उडिरह्यो

मायाँलुको रुप जस्तो धर्सिएर लुक्न खोज्दा ।

गर्जदा त्रास बढ्यो मेघ रागकी रागिनी

उनीसँग मनसुन पानी बर्सिएर लुक्न खोज्दा ।

मिति २०६७ । ५ । ४ गते

कुवैत

*****

## तिम्रो ओठले

तिम्रो ओठले पनि मायाँको गीत गायो

तिमी मेरो म तिम्रो यही आवाज सुनायो ।

तिम्रै नामभए जीवनका हरेक खुशीहरु

तिम्रो तगारोमा पुग्दा मन मुस्कुरायो ।

भन्थ्यौ तिमी बोल्दैमा मात्र मायाँ बस्दैन

तिम्रा आँखाले एकान्तमा मलाई बोलायो ।

डुबेर तिमो यादमा रुन पुगेंछु म फेरी

चन्चले तिम्रा हातहरुले मलाई बहकायो

सोध के को चाहानाले भरिएको छ मन

मनसुनको प्यासी बानीले भेल चलायो ?

मिति २०६७ । ५ । ५ गते

कुवैत

*****

## सकियो झारेर आँशु

सकियो झारेर आँशु अब रुँदा पासेको छ

चोटमा दुःखेको मन बन्चराले तासेको छ ।

उसलाई मायाँको हाँसो हाँस्न पनि सिकाएँ

आज उ दिनरात अर्कैको खुशी हाँसेको छ ।

उसलाई पिर्तीको फुल गाँस्न पनि सिकाएँ

आज उ अर्कैको लागि बरमाला गाँसेको छ ।

उसलाई दुःखमा छाती थाम्न मैले सिकाएँ

आज उ अर्कैसँगको छातीमा टाँसेको छ ।

जसले बाँचुन्जेल हँसाउने कसम खाएथ्यो

उसैले मनसुनका अमोल मोती नाँसेको छ ।

मिति २०६७ । ५ । ५ गते

कुवैत

*****

**पापी हुँदारहेछन्**

पापी हुँदारहेछन् निर्दोष मुटु पोल्ने मान्छे

लुकाएर सत्यता झुटो कथा बोल्ने मान्छे ।

तिमी मेरो सपनाको राजकुमार एउटालाई

अर्कोसँग जीवन सुम्पी मनमुटु खोल्ने मान्छे ।

सुख दिन्छु भनि भनि आश्वासन झुटा झुटा

धरो धर्म कसम खाई दुःख सुख घोल्ने मान्छे ।

खाइखाइ पेटभरी बाचा कसम झुटा झुटा

जानी जानी पाप धर्म सराबरी मोल्ने मान्छे ।

हजार मायाँ फेरि फेरि सयौसँग चुप्पा चुप्पी

मनसुनको निश्चलमायाँ तराजुमा तोल्ने मान्छे ।

मिति २०६७ । ५ । ४ गते

कुवैत

*****

## तिमीसँग बिताएका

तिमीसँग बिताएका रातहरुको कसम

तनैभरी कुदाएका हातहरुको कसम ।

तिमीलाई छोडी अन्त मायाँ लाएको छैन

बनपाखा सुसेलेका पातहरुको कसम ।

संधै तिम्रो संझनामा हरपल हराउँछु म

पिरतीका लोभलाग्दा बातहरुको कसम ।

समयको नियतिले छुट्टिएको जस्तो भयो

विछोडमा दुख भुल्ने मातहरुको कसम ।

अटुट मायाँ मुटुभरी संगालेर परदेशमा

लेखिएका प्रेमपत्रका खातहरुको कसम ।

मिति २०६७ । ५ । १५ गते

कुवैत

*****

**रोएका परेली**

रोएका परेली धुलायौ सुटुक्क

तरंग तरेली घुलायौ सुटुक्क ।

बातैमा मस्त पारेर निशिमा

मनमा जुरेली चुलायौ सुटुक्क ।

वर्षामा खनियो भेल र पहिरो

बगरमा चमेली फुलायौ सुटुक्क ।

गलेको शरीर नरुनु भन्दथ्यौ

पलमै सहेली रुलायौ सुटुक्क ।

नयन जुधायौ पियारो बनायौ

मनुलाई उजेली सुलायौ सुटुक्क ।

मिति २०६७ । ५ । २० गते

कुवैत

*****

## जिन्दगानी

जीवन गजबको काहानी भयो

किरण विनाको बिहानी भयो ।

हर्लक्क बढियो तन्देरी भईयो

पे्रयसी नभै के जवानी भयो ।

आफ्नाले छुरा प्रहार गरिगए

चोटै चोटको निशानी भयो ।

दिनहरु अब नशामै बित्ने भो

रातको साथी सिरानी भयो ।

बाँच्न सा-हो सहन गा-हो भो

बेहाल यो जिन्दगानी भयो ।

मिति २०६७ । ५ । २२ गते

कुवैत

*****

## नयाँ वर्ष

नयाँ उमंग जोश बोकी आयो नयाँवर्ष

नयाँ सपना तरंगसँग छायो नयाँवर्ष ।

फेरि उनकै शुभकामनाका लाम लागे

ढल्कदै खुशी पोखिंदै गयो नयाँवर्ष ।

कल्पनामै खुशी भए परदेशमा परदेशी

प्रेमीको याद झैं नशा लायो नयाँवर्ष ।

उन्नति प्रगति पथमा अघिसरा बनी

जताहेर्यो  उतै खुशी पायो नयाँवर्ष ।

साल फेसिसरपनि बढ्यो जीवनमा हाम्रो

सुकी खुशी सालमै पिंडा ख्वायो नयाँवर्ष ।

मिति २०६७ । ५ । १४ गते

कुवैत

*****

**किन किन उनीसँग**

किन किन उनीसँग मेरो मन डुल्छु भन्छ

तिम्रो मीठो बोलीमा पीर मर्का भुल्छु भन्छ ।

आफ्नो मनको गमलामा फुल सारि राख

झरि वर्षा नपरेनी बाच्छिटामै फुल्छु भन्छ ।

यो मनको माँझ तिमीस्पर्शमा बस्यौ भने

गुम्सिएका प्रेमपत्र बातैबातमा खुल्छु भन्छ ।।

फरासिली सुवासिली एउटी पाए मेरो मन

गुल्धुली त्यो रातैभरी उसैसँग झुल्छु भन्छ ।

मेरो मनको बगैचामा हरियाली पारिदिए

मनुसंग पिरतीमा तेल पानी घुल्छु भन्छ ।

मिति २०६७ । ५ । २५ गते

कुवैत

*****

**मनु**

आफ्नै घर छोडेर मनु परदेशी भयो

प्रियको दिल तोडेर मनु परदेशी भयो ।

परदेशका कुराले रुन्थिन प्रिया प्यारमा

नसुनी मुख मोडेर मनु परदेशी भयो ।

उदास उदास लाग्थ्यो संसारै विरानो

मिलनको पुल तोडेर मनु परदेशी भयो ।

सँगै बाँच्ने सँगै मर्ने बाचा कसम थियो

आफ्नै कसम तोडेर मनु परदेशी भयो ।

ईच्छा र रहरहरु कहिलै भएनन् पुरा

पीरै नाता जोडेर मनु परदेशी भयो ।

मिति २०६७ । ५ । २६ गते

कुवैत

*****

**तिमीसँग मनका**

तिमीसँग मनका कुरा गर्न भनेर आएँ

निंदरीमा तस्विर तिम्रो हर्न भनेर आएँ ।

प्रभातमा छर्दै खुसी तिमीसँग भेटमा

पछ्याउँदै काख तिम्रो पर्न भनेर आएँ ।

लुटेर लग्यौ मन जीवन रंगको बनायौ

सप्तरंङ्गी फुलमा वास्ना छर्न भनेर आएँ ।

पर्खाइमा मैले पनि कैयौं रात बिताएँछु

धेरैपछि तिमीले बेशी झर्न भनेर आएँ ।

सुखचैन दिन्छु भनि आश कि देखायौ ?

तिमीसँगै जिउन सँगै मर्न भनेर आएँ ।

मिति २०६७ । ५ २७ गते

कुवैत

*****

**तिम्रो मनको**

तिम्रो मनको मझेरीमा बाँस देऊ प्रिय

तिम्रा हातले पकाएको गाँस देऊ प्रिय ।

कल्पनामा हराउँछु तिम्रो बोली सुन्दा

जुनीसंगै बिताउन मधुमास देऊ प्रिय ।

हातहरु लजाउँदै तिम्रा तनमा डुलाउँदा

मातैसरि लाग्ने तातो सास देऊ प्रिय ।

चोखो छ मेरो माया मुटुभरी तिम्रोलागि

सँगै जिउने सँगै मर्ने आस देऊ प्रिय ।

मीठो बोली बोलिदिने दिलैखोली हाँस्ने

रमाइलो मनुलाई आभास देऊ प्रिय ।

मिति २०६७ ५ । २३ गते

कुवैत

*****

**डरत्रासले**

डरत्रासले आफ्नोमुटु आफुले नै पोलेको छु

तिमीसँग सयौंसत्य एउटा झुट बोलेको छु ।

आजभोलि गर्दागदै तिमी मेरो खुशी बन्यौं

विरहका गाथा अब तिम्रै सामु खोलेको छु ।

पहिले म एक्लो हुदा नशा मेरो साथी थियो

हिजोआज नशाभन्दै थोरै पानी घोलेको छु ।

तिम्रा मनका वहहरु सुन्दा मैले रुनु प-यो

मेरो पनि दुःखेको मन तिमीसँग मोलेको छु ।

जीवनको सेरोफेरो छैनन् भन्थें काही मेरो

आज मैले संगीतलाई मनसुनमा तौलेको छु ।

मिति २०६७ । ५ ३१ गते

कुवैत

*****

## पिरती

बसाल्दै आँखाको नानीमा सान्नानी

रुँदैछिन् हाँस्दैछिन् बानीमा सान्नानी ।

छ छड्के जुधेको नजरमा भरेको

सुस्तरी बस्यौ खानीमा सान्नानी ।

हीरा र मोती सुन जस्तो महंगो

बस्यौ रे प्रेमकी रानीमा सान्नानी ।ं

झर्केर बोल्छ्यौ न भोक न तिर्खा

चस्किदैछ छाती हानीमा सान्नानी ।

पलभरको विछोड छ सहिनसक्नु

न फाल मनसुन पानीमा सान्नानी ।

मिति २०६७ । ६ । १ गते

कुवैत

*****

## मनसुनी वर्षा

आजफेरि यहाँ रात जब प-यो

हृदयमा यौवना खात जब प-यो ।

सर्माइ दुवैछन् लाजले भुतुक्क

उनको छातीमा हात जब प-यो ।

आग्रह हुँदैछ नजिक नजिकको

उनलाई बैंशको मात जब प-यो ।

धिपधिपी दियो बल्दैमा निभ्यो

उत्तेजना भित्र बात जब प-यो ।

पलभर उनी पग्लिएर रसाईन

रसमाथि मेरो लात जब प-यो ।

मनसुनी वर्षा गर्जन मन्द मन्द

शितला पातमा पात जब प-यो ।

मिति २०६७ ६। ३ गते

कुवैत

*****

## पिएर नाना मातहरु

पिएर नाना मातहरु रुने गर्छौ रे तिमी

गरेंछु भनेर घातहरु रुने गर्छौ रे तिमी ।

थाहा पायौ ? जीवन बाँच्न दुःख भन्थें

सम्झेर मेरा बातहरु रुने गर्छौ रे तिमी ।

तिमीसँग मायाँ गाँस्नु दोष मेरो थियो

साथ छुटाई हातहरु रुने गर्छौ रे तिमी ।

तिम्रो यादमा दिनहुँ चिट्ठी कोरीरहन्थें

पढेर प्रेमका खातहरु रुने गर्छौ रे तिमी ।

स्वर्ग जस्तो पलपल आनन्द मनसुनमा

कल्पेर मीठा रातहरु रुने गर्छौ रे तिमी ।

मिति २०६७ । ५ २८ गते

कुवैत

*****

**काँडा छन् बगैचामा**

काँडाछन् बगैंचामा फुलैफुल सार प्रिय

ढकमक्क जतातत‍ै हरियाली पार प्रिय ।

तिमीछोडी अन्तमाया लगाउन सकिएन

सपनीका बाचाहरु विपनीमा झार प्रिय ।

कहिले त आँधीबेरी उर्लिएला मिलनको

भत्किगयो पुलभने हातसमाई तार प्रिय ।

मिलनको आशागर्दै बाटामा म आउनेछु

अन्जानमा भुलभए तगारोमा बार प्रिय ।

क्षितिज पारी जुनसँग बिरहमा रुनेगर्छु

मनसुनलाई अस्वीकारे बरु अब मार प्रिय ।

मिति २०६७ । ६ । ६ गते

कुवैत

*****

## विराट यो संसार

विराट यो संसार अबमेरो आँखैंमा बस्यो

जुनमा विलाए तारा नाम लाखैमा बस्यो ।

उदाएर सूर्यको मोतीले विहानी फैलायो

मन्दमन्द मुस्कान सबैको आँखैमा बस्यो ।

स्वर्गनगरी यो मेरो हृदयको वासस्थानमा

उडेर अब मनायो हरियाली पाखैमा बस्यो ।

नाचेंआफै गीत गाए डाँफे मुनाल वनपाखा

सुनौलो विहानी कोईलीको भाकैमा बस्यो ।

सुन्दर बगैंचा बन्यो मेरो शान्त जन्मभूमि

फुलेर लालीगुँरास जगको चाखैमा बस्यो ।

कुवैत

मिति २०६७ मंसिर २७ गते

*****

## अँधेरी रातमा

अँधेरी रातमा भेटें ती सान्नानी

उनि छिन चन्चले चुल्बुले बानी ।

हाँसेरै बसिन् उनि मेरो नजिकै

बाटुलो मुहार त्योमन्द मुस्कानी ।

ओठमा लाली शिरैमा शिरबन्दि

चिटिक्क परेका आँखैमा जवानी ।

फुलको थुङ्गाले सुवास फैलायो

नजर नजर जुध्यो छुट्नै नमानी ।

पहिलो भेटमा अन्जान थिएँ म

बर्षाभो प्रेमरस नजानी नजानी ।

कुवैत

मिति ५ पौष २०६७

*****

**आकाशका जुनतारा**

आकाशका जुनतारा एक्लै झारेर के भो ?

थुम्काहरु जिन्दगी समथल खारेर के भो ?

सपनीमै सपनीमा भेटघाट हुन्छ भने

मिलनका विन्दुहरु नजरमा सारेर के भो ?

दिनभरिको थकानले पर्नु छ लखतरान

बरपिपल मनको चौतारी पारेर के भो ?

साँझपारि उनी भेट्न मन लागेको हो

उदाएको आँशुलाई कसैले बारेर के भो ?

जिन्दगी यो खेल भन्दै जितहार सहनु रे

कहिलै जित हुन्न मनु फेरि हारेर के भो ?

मिति २०६७ । ६ ६ गते

कुवैत

*****

**मलाई उनको जीवनमा**

उनलाई मेरो जवानी पाउन मन लाग्यो अरे

साँझ विहान मेरै गीत गाउन मन लाग्यो अरे ।

जबजब भेट्छौ हामी कुरा हुन्छन् मीठामीठा

बेहुलीबनि सिंदुरपोते लाउन मन लाग्यो अरे ।

मनैभरि आगो बल्दा यौबनाको लाली चढ्दा

मेरै साथमा मेलापाता धाउन मन लाग्यो अरे ।

जोडीबनी हिंडे उनका सांथीहरु आजभोलि

च्याप्पछोपी छातीभरि छाउन मन लाग्यो अरे ।

आउनेबाटो हेर्छिन् अरे एकदिन भेट नहुंदानी

मेरै तस्विर जतातत‍ै सजाउन मन लाग्यो अरे ।

कुवैत

मिति २०६७ पौष १०

*****

**घामको लालीमा**

घामको लालीमा तिम्रो तस्विर भेटियो

फुलको डालीमा तिम्रो तस्विर भेटियो ।

शहरमा पर्चाभेटें तिम्रो मात्र चर्चाभेटें

उनका तालीमा तिम्रो तस्विर भेटियो ।

डाँडापारी दाउरा घाँस धेरै ग-यौ अरे

खोला खालीमा तिम्रो तस्विर भेटियो ।

कतिलाई बाड्ने गर्छौ तिम्रो तस्विर

खेतको आलिमा तिम्रो तस्विर भेटियो ।

असारमास खेतमा मनसुनी वर्षा हुँदा

धानको बालीमा तिम्रो तस्विर भेटियो ।

पौष ७ कुवैत

*****

**मज्जा भयो**

तिमीसँग वालिङ्ग मेला घुम्दा मज्जा भयो

छायाँपारि ओठजोडी चुम्दा मज्जा भयो ।

डरैडरमा सास बढ्यो देखेभने गालपर्ला

लुकीचोरी जवानीमा हुम्दा मज्जा भयो ।

आहा कति आनन्द अनि आँखा मन्दमन्द

एकैचोटी होश हवास गुम्दा मज्जा भयो ।

गगनचुम्बी आकाशले रुपरंङ्ग फेरे जस्तो

त्यही रंगमा उनीसँग झुम्दा मज्जा भयो ।

चट्टकोरी सिउँदोपारी आँखी कालाकाला

लामालामा केशराशी सुम्दा मज्जा भयो ।

कुवैत

मिति २०६७ पौष १६ गते

*****

## सातै समुन्द्र

सातै समुन्द्र उ तरेर गयो

पैसाकै पछि उ परेर गयो ।

दिलमा बस्यो दुईरात हाँस्यो

नमानी नमानी सरेर गयो ।

जति कमायो पुगेन धनले

लोभको भकारी भरेर गयो ।

रुदैपो थिएँ उ हिंड्ने बेला

फर्कने बाचा गरेर गयो ।

पलैमा फेरि पग्लियो हृदय

आखाँबाट आशु छरेर गयो ।

कुवैत

मिति ३१ मंसिर २०६७